# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् नियमावली, २०५१

<u>नेपाल राजपत्रमा प्रकाशित मिति</u>

२०५१।०२।३०

<u>संशोधन</u>

१. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (पहिलो संशोधन) नियमावली, २०६० — २०६०।०३।१९

२. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (दोस्रो संशोधन) नियमावली, २०७० — २०७०।१०।२०

३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (तेस्रो संशोधन) नियमावली, २०७२ — २०७२।०३।२८

४. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (चौथो संशोधन) नियमावली, २०७५ — २०७५।०६।२३

५. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (पाँचौ संशोधन) नियमावली, २०८२ — २०८२।०४।२६

६. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (छैठौं संशोधन) नियमावली,२०८३ — २०८३।०४।२८

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५ को दफा १५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

## परिच्छेद–१
## <u>प्रारम्भिक</u>

**१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यी नियमहरुको नाम "प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् नियमावली, २०५१" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

**२. <u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,–

(क) "ऐन" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५ सम्झनु पर्छ।

(ख) "अध्यक्ष" भन्नाले सभा वा परिषद्का अध्यक्ष सम्झनु पर्छ।

(ग) "उपाध्यक्ष" भन्नाले परिषद्को उपाध्यक्ष सम्झनु पर्छ।

(घ) "सदस्य-सचिव" भन्नाले सभा वा परिषद्को सदस्य-सचिव सम्झनु पर्छ।

(ङ) "राष्ट्रिय व्यावसायिक योग्यता र सीप परीक्षण समिति" भन्नाले नियम ८ बमोजिम गठित ™राष्ट्रिय व्यावसायिक योग्यता र सीप परीक्षण समिति सम्झनु पर्छ।

(च) "तालीम समिति" भन्नाले नियम १३ बमोजिम गठित औद्योगिक प्रशिक्षार्थी तालीम समिति सम्झनु पर्छ।

(छ) "संस्था" भन्नाले प्राविधिक तथा व्यावसायिक सम्बन्धी तालीम सञ्चालन गर्नको लागि नियम १८ वा १९ बमोजिम परिषद्बाट स्वीकृति प्राप्त संस्था सम्झनु पर्छ।

♣(ज) "राष्ट्रिय व्यावसायिक योग्यता" भन्नाले औपचारिक, अनौपचारिक वा अरीतिक पद्धतिबाट व्यक्तिले हासिल गरेको शैक्षिक र व्यावसायिक उपाधि सम्झनु पर्छ।

♣(झ) "दक्षता" भन्नाले पेशागत क्षेत्रको निर्दिष्ट मापदण्ड बमोजिमको ज्ञान, सीप, मूल्यमान्यता तथा व्यवहार सफलतापूर्वक प्रदर्शन गर्नसक्ने सक्षमता (कम्पिटेन्सी) सम्झनु पर्छ।

## परिच्छेद–२

## अध्यक्ष, उपाध्यक्ष तथा सदस्य–सचिवको काम, कर्तव्य र अधिकार तथा सेवा शर्त

३. **अध्यक्षको काम, कर्तव्य र अधिकार:** अध्यक्षले परिषद्संग सम्बन्धित जुनसुकै विषय वा कार्यको निरीक्षण तथा जाँचबुझ गर्न तथा सो सम्बन्धमा परिषद्का कुनै पदाधिकारी वा कर्मचारीलाई आवश्यक निर्देशन दिन सक्नेछ।

ᵟ३क. **सिफारिस समिति सम्बन्धी व्यवस्था:** (१) परिषद्को उपाध्यक्ष मनोनयन गर्न वा सदस्य–सचिव तोक्ने सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्न देहायको एक सिफारिस समिति रहनेछ:-

(क) राष्ट्रिय योजना आयोगको सदस्य (शिक्षा हेर्ने) – अध्यक्ष

™ छैठौं संशोधनद्वारा संशोधित।

♣ छैठौं संशोधनद्वारा थप।

ᵟ दोस्रो संशोधनद्वारा थप।

÷(ख) सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय – सदस्य

(ग) नेपाल सरकारको विशिष्ट श्रेणीको पदबाट अवकाश पाएका व्यक्तिहरुमध्येबाट ÷शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले तोकेको एक जना – सदस्य

(२) उपनियमम (१) बमोजिमको समितिको नियम ३ख. बमोजिमको योग्यता पुगेका व्यक्तिहरु मध्येबाट निजको शैक्षिक योग्यता, अनुभव समेतको मूल्याङ्कन गरी तीन जनाको नाम उपाध्यक्षको रुपमा मनोनयन गर्ने सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिमको समितिले परिषद्को अधिकृत प्रथम श्रेणीको पदमा कम्तीमा पाँच वर्ष काम गरेका कर्मचारीहरुमध्येबाट अनुसूचीमा उल्लिखित आधारमा छनौट गरी सबैभन्दा बढी अङ्क प्राप्त गर्ने तीन जनाको नाम सदस्य–सचिवको रुपमा तोक्ने सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्नु पर्नेछ।

(४) उपनियम (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले गरे बमोजिम हुनेछ।

ᵟ**३ख. उपाध्यक्ष हुनुको लागि चाहिने योग्यताः** (१) देहायको योग्यता र अनुभव भएको व्यक्ति परिषद्को उपाध्यक्ष हुन योग्य हुनेछः–

(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको,

÷(ख) इन्जिनियरिङ, कृषि, चिकित्सा शिक्षा, वन, शिक्षा प्रशासन वा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको क्षेत्रमा कम्तीमा पन्ध्र वर्ष काम गरेको,

(ग) चालीस वर्ष उमेर पूरा भई साठी वर्ष उमेर ननाघेको।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि परिषद्बाट सम्बन्धन प्राप्त संस्थाको सञ्चालक पदमा कार्यरत व्यक्ति उपाध्यक्षको पदमा मनोनयन हुन सक्ने छैन।

÷ पाँचौ संशोधनद्वारा संशोधित।

ᵟ दोस्रो संशोधनद्वारा थप।

÷४. **उपाध्यक्षको काम, कर्तव्य र अधिकार**: उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) परिषद्को नीति निर्धारण गर्ने सम्बन्धमा सभा र परिषद्लाई सहयोग गर्ने,

(ख) परिषद्को वार्षिक कार्यक्रम तथा बजेट तयार गर्न लगाई स्वीकृतिको लागि सभा समक्ष पेस गर्ने,

(ग) परिषद्को वार्षिक कार्यक्रमको आन्तरिक मूल्याङ्कन गराउने तथा सोको प्रगति सभा समक्ष पेस गर्ने,

(घ) सभामा पेस गर्नु पर्ने प्रस्ताव तयार गर्ने, गराउने,

(ङ) सभाबाट भएका निर्णयको कार्यान्वयन गर्ने, गराउने,

(च) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको सञ्चालन तथा विकासको लागि शिक्षण, प्रशिक्षण तथा अनुसन्धानको व्यवस्था गर्ने, गराउने,

(छ) परिषद्को अल्पकालीन तथा दीर्घकालीन योजना र कार्यक्रम कार्यान्वयनको लागि समन्वय गर्ने, गराउने,

(ज) सभा वा परिषद्बाट निर्देशन भए बमोजिमका अन्य काम गर्ने।

५. **उपाध्यक्षको सेवा, शर्त तथा सुविधा**: (१) उपाध्यक्ष परिषद्को वैतनिक वा अवैतनिक पदाधिकारी हुन सक्नेछ।

(२) उपाध्यक्षको पदावधि चार वर्षको हुनेछ।

(३) उपाध्यक्षको पारिश्रमिक र अन्य सुविधाहरु नेपाल सरकारले तोके बमोजिम हुनेछ।

६. **सदस्य–सचिवको काम, कर्तव्य र अधिकार**: सदस्य–सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:–

(क) परिषद्को नीति निर्धारण गर्ने सम्बन्धमा सभा र परिषद्लाई सहयोग गर्ने।

(ख) सभा र परिषद्मा पेश गर्नु पर्ने प्रस्तावहरु तयार गर्ने, गराउने।

(ग) सभा र परिषद्बाट भएका निर्णयहरुको कार्यान्वयन गर्ने, गराउने।

(घ) ∃....

÷ पाँचौ संशोधनद्वारा संशोधित।

∃ पाँचौ संशोधनद्वारा झिकिएको।

(ङ) परिषद्को वित्तीय कारोबारको लेखा ठीकसँग राख्न लगाउने।

(च) [∃]...

(छ) परिषद्को आन्तरिक लेखा परीक्षण तथा अन्तिम लेखा परीक्षण गराउने र वेरुजु फछ्र्यौट तथा खर्च समर्थन सम्बन्धमा परिषद्ले तोके बमोजिम काम गर्ने।

(ज) परिषद्ले सम्पत्तिको संरक्षण तथा सञ्चालन सम्बन्धमा आवश्यक कार्य गर्ने, गराउने।

(झ) परिषद्को कर्मचारीहरुको सबै किसिमका विदाहरु स्वीकृत गर्ने।

(ञ) आचरण उल्लंघन गर्ने परिषद्का प्रशिक्षक तथा कर्मचारी उपर विभागीय कारबाही चलाउने।

[÷](ट) सभा वा परिषद्बाट निर्देशिन भए बमोजिमका अन्य काम गर्ने।

७. **सदस्य–सचिवको सेवा, शर्त तथा सुविधा**: (१) सदस्य–सचिव परिषद्को पूरा समय काम गर्ने प्रमुख प्रशासकीय पदाधिकारी हुनेछ।

(२) सदस्य–सचिवको पदावधि चार वर्षको हुनेछ।

[ð](२क) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि सदस्य–सचिवमा कार्यक्षमताको अभाव भएमा, निजको पदीय जिम्मेवारी पूरा नगरेमा वा निजले परिषद्को हित विपरीत कुनै कार्य गरेको प्रमाणित भएमा परिषद्को सिफारिसमा नेपाल सरकारको निजलाई जुनसुकै बखत सदस्य–सचिवको पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिव मौकाबाट वञ्चित गरिने छैन।

(३) सदस्य–सचिवले परिषद्को कर्मचारीले पाए सरहको विदा लगायतका अन्य सुविधा समेत पाउनेछ। सदस्य–सचिवले विदा बस्दा [÷]उपाध्यक्षको स्वीकृति लिनु पर्नेछ।

[¥]तर पर्व तथा भैपरी आउने बिदा र सात दिनसम्मको घर बिदा बस्नु परेमा उपाध्यक्षलाई मौखिक जानकारी गराई बस्न सक्नेछ।

---

∃ पाँचौ संशोधनद्वारा झिकिएको।

÷ पाँचौ संशोधनद्वारा संशोधित।

ð दोस्रो संशोधनद्वारा थप।

¥ पाँचौ संशोधनद्वारा थप।

[ϑ](३क) सदस्य–सचिवको पदमा तोकिएको कर्मचारी कुनै कारणले सदस्य–सचिव पदमा नरहेमा निजको परिषद्मा रहेको पदाधिकारी स्वतः समाप्त हुनेछ।

[ϑ](३ख) सदस्य–सचिव कुनै कारणले सो पदमा नरहेमा निजले प्रचलित कानून बमोजिम अन्यथा व्यवस्था भएकोमा बाहेक सो पद अनुसारको सुधिवा पाउनेछ।

[ϑ](३ग) ऐन वा नियमावली बमोजिम सदस्य–सचिव नतोकिएसम्म वा सदस्य–सचिवको अनुपस्थितिमा परिषद्को सबैभन्दा वरिष्ठ कर्मचारीले निमित्त सदस्य–सचिव भई कार्य गर्नेछ।

[∃]....................

(४) सदस्य–सचिवको पारिश्रमिक र अन्य सुविधाहरु नेपाल सरकारले तोके बमोजिम हुनेछ।

## परिच्छेद–३

## [™]*राष्ट्रिय व्यावसायिक योग्यता र सीपको* वर्गीकरण, परीक्षण तथा प्रमाणीकरण

[™]**८. राष्ट्रिय व्यावसायिक योग्यता र सीप परीक्षण समितिको गठन** : (१) व्यावसायिक योग्यता तथा सीपको वर्गीकरण, परीक्षण तथा प्रमाणीकरण सम्बन्धमा आवश्यक काम गर्न देहायको राष्ट्रिय व्यावसायिक योग्यता र सीप परीक्षण समिति गठन गरिएको छ :-

| | | |
|---|---|---|
| (क) | सदस्य-सचिव, परिषद् | - संयोजक |
| (ख) | त्रिभुवन विश्वविद्यालय, इन्जिनियरिङ् अध्ययन संस्थानको डीन वा निजले तोकेको सो संस्थानको राजपत्राङ्कित प्रथम श्रेणी सरहको व्यक्ति | - सदस्य |
| (ग) | सहसचिव, शिक्षा तथा खेलकुद मन्त्रालय | - सदस्य |
| (घ) | सहसचिव, परीक्षा तथा सिफारिस महाशाखा, लोक सेवा आयोग | - सदस्य |
| (ङ) | महानिर्देशक, सहरी विकास तथा भवन निर्माण विभाग | - सदस्य |
| (च) | महानिर्देशक, श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग | - सदस्य |
| (छ) | महानिर्देशक, उद्योग विभाग | - सदस्य |
| (ज) | अध्यक्ष, घरेलु तथा साना उद्योग महासङ्घ | - सदस्य |

ϑ दोस्रो संशोधनद्वारा थप।

∃ पाँचौं संशोधनद्वारा झिकिएको।

™ छैठौं संशोधनद्वारा संशोधित।

(झ) अध्यक्ष, शिक्षा, सीप विकास तथा रोजगार समिति, उद्योग वाणिज्य महासङ्घ - सदस्य

(ञ) अध्यक्ष, नेपाल उद्योग परिसङ्घ - सदस्य

(ट) अध्यक्ष, निर्माण व्यवसायी महासङ्घ नेपाल - सदस्य

(ठ) निजीस्तरमा व्यावसायिक तालीम प्रदान गर्ने संस्थाहरू मध्येबाट राष्ट्रिय व्यावसायिक योग्यता र सीप परीक्षण समितिले मनोनयन गरेको एकजना - सदस्य

(ड) श्रमिकहरूको व्यावसायिक सङ्घ, सङ्गठनहरू मध्येबाट परिषद्ले मनोनयन गरेको दुईजना - सदस्य

(ढ) निर्देशक (राष्ट्रिय व्यावसायिक योग्यता र सीप परीक्षण हेर्ने), परिषद् - सदस्य-सचिव

(२) उपनियम (१) को खण्ड (ठ) र (ड) बमोजिम मनोनीत सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (१) को खण्ड (ठ) र (ड) बमोजिम मनोनीत सदस्यको कार्य सम्पादन सन्तोषजनक नदेखिएमा उपनियम (१) बमोजिमको समितिको संयोजकले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाइ पेस गर्ने मनासिब मौकाबाट वञ्चित गरिने छैन।

(४) उपनियम (१) बमोजिमको समितिको सदस्यमा सम्बन्धित विधागत सीप उपसमितिका अध्यक्ष पदेन सदस्य हुनेछन्।

(५) उपनियम (१) बमोजिमको समितिले आवश्यक देखेमा कुनै विशेषज्ञ वा सल्लाहकारलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

तर त्यस्तो विशेषज्ञलाई मत दिने अधिकार हुनेछैन।

(६) परिषद्को राष्ट्रिय व्यावसायिक योग्यता र सीप परीक्षण समिति हेर्ने महाशाखाले उपनियम (१) बमोजिमको समितिको सचिवालयको रूपमा काम गर्नेछ।

९. <u>राष्ट्रिय व्यावसायिक योग्यता र सीप परीक्षण समितिको बैठक सम्बन्धी कार्यविधिः</u> (१) राष्ट्रिय व्यावसायिक योग्यता र सीप परीक्षण समितिको बैठक आवश्यकतानुसार बस्नेछ।

नेपाल कानून आयोग

(२) राष्ट्रिय व्यावसायिक योग्यता र सीप परीक्षण समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा राष्ट्रिय व्यावसायिक योग्यता र सीप परीक्षण समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(३) राष्ट्रिय व्यावसायिक योग्यता र सीप परीक्षण समितिको बैठकको अध्यक्षता राष्ट्रिय व्यावसायिक योग्यता र सीप परीक्षण समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(४) राष्ट्रिय व्यावसायिक योग्यता र सीप परीक्षण समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ।

™(५) राष्ट्रिय व्यावसायिक योग्यता र सीप परीक्षण समितिको बैठकको निर्णय छुट्टै पुस्तिकामा अभिलेख गरिनेछ र त्यस्तो निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्ति र उपस्थित सदस्यले दस्तखत गरी प्रमाणित गर्नु पर्नेछ।

(६) राष्ट्रिय व्यावसायिक योग्यता र सीप परीक्षण समितिको बैठक सम्बन्धी अन्य कार्यविधि राष्ट्रिय व्यावसायिक योग्यता र सीप परीक्षण समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१०. <u>**राष्ट्रिय व्यावसायिक योग्यता र सीप परीक्षण समितिको काम, कर्तव्य र अधिकार**</u>: राष्ट्रिय व्यावसायिक योग्यता र सीप परीक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) ™<u>राष्ट्रिय व्यावसायिक योग्यता र सीपको दक्षता</u> वर्गीकरण गर्न, प्रमाणिका बनाउन र परीक्षण तथा प्रमाणीकरण सम्बन्धी कार्य गर्न राष्ट्रियस्तरमा आवश्यक योजना तथा कार्यक्रम तर्जुमा गरी सो योजना तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने, गराउने।

♣(क१) राष्ट्रिय व्यावसायिक योग्यता सम्बन्धी कार्य गर्ने, गराउने।

(ख) गार्हस्थ वा औद्योगिक क्षेत्रमा विभिन्न व्यवसाय, सेवा, पेशा वा सेवाको लागि चाहिने ™<u>राष्ट्रिय व्यावसायिक योग्यता र सीपको दक्षता</u>को माग र खपतको सम्बन्धमा आवश्यक अनुसन्धान गर्ने, गराउने।

---

™ छैठौं संशोधनद्वारा संशोधित।

♣ छैठौं संशोधनद्वारा थप।

(ग) ™राष्ट्रिय व्यावसायिक योग्यता र सीपको दक्षताको स्तर वर्गीकरण गर्ने र वर्गीकृत ™राष्ट्रिय व्यावसायिक योग्यता तथा सीप स्तर अनुरुप आवश्यक कार्य विश्लेषण (जव स्पेसिफिकेशन) सहित ™राष्ट्रिय व्यावसायिक योग्यता तथा सीप प्रमाणिकाको मस्यौंदा तर्जुमा गर्ने।

(घ) वर्गीकृत स्तर अनुसार ™राष्ट्रिय व्यावसायिक योग्यता र सीपको दक्षता भए नभएको परीक्षण गर्न परीक्षा सञ्चालन गर्ने र सफल परीक्षार्थीलाई प्रमाणपत्र दिने।

≥(घ१) ™राष्ट्रिय व्यावसायिक योग्यता तथा सीप परीक्षण सम्बन्धी शुल्क निर्धारण गर्ने,

♣(घ२) राष्ट्रिय व्यावसायिक योग्यताको वर्गीकरण, राष्ट्रिय दक्षता प्रमाणिका (नेशनल कम्पिटेन्सी स्ट्याण्डर्ड) विकास, दक्षता परीक्षण र प्रमाणीकरण, सीप तथा व्यावसायिक योग्यताको परीक्षण, मूल्याङ्कनकर्ताको अनुमति प्रदान गर्ने।

♣(घ३) राष्ट्रिय सीप परीक्षणबाट सीप प्रमाणीकरण भएका व्यक्तिको योग्यतालाई राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप बमोजिमको योग्यता निर्धारण तथा मिलानसम्बन्धी कार्य गर्ने।

(ङ) √परिषद् समक्ष वार्षिक प्रतिवेदन पेश गर्ने।

≥**१०क. सीपको दक्षताको स्तर र उम्मेदवार हुन पाउने**: (१) सीपलाई उपनियम (२) बमोजिम चार तहमा वर्गीकरण गरी त्यस्तो तहको दक्षताको स्तर क्रमशः अर्ध दक्ष, मध्यम दक्ष, दक्ष र उच्च दक्षको रुपमा कायम गरिएकोछ।

(२) सम्बन्धित विषयमा देहायको सीपको तहको प्रमाणपत्र लिएको व्यक्ति निम्न श्रेणी वा तहको लागि लिइने परीक्षामा उम्मेदवार हुन पाउनेछः–

| सीपको तह | उम्मेदवार हुन पाउने श्रेणी वा तह |
|---|---|
| एक | नेपाल सरकारको राजपत्रअनङ्कित तृतीय श्रेणी |

™ छैठौं संशोधनद्वारा संशोधित।

≥ पहिलो संशोधनद्वारा थप।

♣ छैठौं संशोधनद्वारा थप।

√ पहिलो संशोधनद्वारा संशोधित।

(प्रा.) वा सो सरह वा तह व्यवस्था भएकोमा तेस्रो तह (प्रा.),

दुई नेपाल सरकारको राजपत्रअनङ्कित द्वितीय श्रेणी (प्रा.) वा सो सरह वा तह व्यवस्था भएकोमा चौथो तह (प्रा.),

तीन नेपाल सरकारको राजपत्रअनङ्कित प्रथम श्रेणी (प्रा.) वा सो सरह वा तह व्यवस्था भएकोमा पा“चौ तह (प्रा.),

चार नेपाल सरकारको राजपत्राङ्कित तृतीय श्रेणी (प्रा.) वा सो सरह वा तह व्यवस्था भएकोमा छैटौ तह (प्रा.),

♣**१०ख. राष्ट्रिय व्यावसायिक योग्यताको तह र मान्यता** : राष्ट्रिय व्यावसायिक योग्यताको प्रमाणपत्रको तह वा श्रेणीको मान्यता देहायबमोजिम हुनेछ :-

| **योग्यताको तह/श्रेणी** | **मान्यता** |
|---|---|
| एक | आधारभूत तह एक (प्रारम्भिक) |
| दुई | आधारभूत तह दुई |
| तीन | आधारभूत तह तीन |
| चार | राष्ट्रिय प्राविधिक प्रमाणपत्र |
| पाँच | राष्ट्रिय डिप्लोमा (प्राविधिक) |
| छ | स्नातक (प्राविधिक)" |

**११.** ™***राष्ट्रिय व्यावसायिक योग्यता र सीपको स्तर* निर्धारण सम्बन्धी व्यवस्था:** ™राष्ट्रिय व्यावसायिक योग्यता र सीपको दक्षताको स्तर निर्धारण गर्नको लागि सञ्चालन गरिने परीक्षा र तत् सम्बन्धी अन्य आवश्यक काम कारबाही सम्बन्धी व्यवस्था एवं सफल परीक्षार्थीहरुलाई प्रदान गरिने प्रमाणपत्रको ढाँचा परिषद्ले तोके बमोजिम हुनेछ।

™**१२. उपसमिति गठन गर्न सक्ने** : (१) परिषद्ले राष्ट्रिय सीप परीक्षण तथा प्रमाणिकरण र व्यावसायिक योग्यता सम्बन्धी काम गर्न आवश्यकताअनुसार विधागत सीप (सेक्टरल स्कील) उपसमिति, प्राविधिक वा विशेषज्ञ उपसमिति गठन गर्न सक्नेछ।

---

♣ छैठौं संशोधनद्वारा थप।

™ छैठौं संशोधनद्वारा संशोधित।

(२) उपनियम (१) बमोजिमको उपसमितिको गठन, काम, कर्तव्य र अधिकार तथा अन्य कार्यविधि परिषद्ले तोके बमोजिम हुनेछ।

## ♣परिच्छेद-३क.

## पाठ्यक्रम र समकक्षता निर्धारण

**१२क. पाठ्यक्रम निर्धारण समिति :** (१) परिषद्द्वारा सञ्चालित कार्यक्रमको पठनपाठन तथा तालीम पाठ्यक्रम विकास गर्न देहाय बमोजिमको पाठ्यक्रम निर्धारण समिति रहनेछ :-

(क) उपाध्यक्ष, परिषद् -संयोजक

(ख) सदस्य-सचिव, परिषद् -सदस्य

(ग) सहसचिव (प्राविधिक शिक्षा हेर्ने), शिक्षा तथा खेलकुद मन्त्रालय -सदस्य

(घ) सहसचिव (योजना हेर्ने), पूर्वाधार विकास मन्त्रालय -सदस्य

(ङ) सहसचिव (योजना हेर्ने), युवा, श्रम तथा रोजगार मन्त्रालय -सदस्य

(च) सहसचिव (योजना हेर्ने), स्वास्थ्य तथा खाद्य सुरक्षा मन्त्रालय -सदस्य

(छ) महानिर्देशक, पाठ्यक्रम विकास केन्द्र, शिक्षा तथा खेलकुद मन्त्रालय -सदस्य

(ज) प्रमुख, पाठ्यक्रम विकास केन्द्र, त्रिभुवन विश्वविद्यालय -सदस्य

(झ) परीक्षा नियन्त्रक, परिषद् -सदस्य

(ञ) निर्देशक (राष्ट्रिय व्यावसायिक योग्यता र सीप परीक्षण समिति हेर्ने), परिषद् -सदस्य

(ट) आङ्गिक शिक्षालय प्रमुख मध्येबाट पाठ्यक्रम निर्धारण समितिले मनोनयन गरेको एक जना -सदस्य

---

♣ छैठौं संशोधनद्वारा थप।

| | | |
|---|---|---|
| (ठ) | राष्ट्रियस्तरको उद्योग वाणिज्य सङ्घ, महासङ्घहरूका अध्यक्षहरूमध्येबाट पाठ्यक्रम निर्धारण समितिले मनोनयन गरेको एकजना | -सदस्य |
| (ड) | निर्देशक, पाठ्यक्रम विकास तथा समकक्षता निर्धारण महाशाखा, परिषद् | -सदस्य-सचिव |

(२) उपनियम (१) को खण्ड (ट) र (ठ) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजलाई पुनः एक पटक मनोनयन गर्न सकिनेछ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (१) को खण्ड (ट) र (ठ) बमोजिम मनोनीत सदस्यको कार्य सम्पादन सन्तोषजनक नदेखिएमा उपनियम (१) बमोजिमको समितिको संयोजकले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाइ पेस गर्ने मनासिब मौकाबाट वञ्चित गरिने छैन।

(४) उपनियम (१) बमोजिमको समितिले सम्बन्धित विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

तर त्यस्तो विषय विज्ञलाई मत दिने अधिकार हुनेछैन।

(५) उपनियम (१) बमोजिमको समितिको बैठक सो समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(६) उपनियम (१) बमोजिमको समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

**१२ख.** **<u>पाठ्यक्रम निर्धारण समितिको काम, कर्तव्य र अधिकार</u>** : पाठ्यक्रम निर्धारण समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) प्राविधिक तथा व्यावसायिक शिक्षाका विभिन्न विधामा सञ्चालन हुने डिप्लोमा तह तथा प्रमाणपत्र तह, प्रि-डिप्लोमा तह र छोटो अवधिका सीप विकास तालीम सम्बन्धी कार्यक्रमका पाठ्यक्रम निर्माण, परिमार्जन र अद्यावधिक गरी लागु गर्ने,

(ख) खण्ड (क) बमोजिम पाठ्यक्रम निर्धारण गर्दा राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप बमोजिम हुनेगरी क्रेडिट निर्धारण, पाठ्यक्रमको तह निर्धारण तथा पाठ्यक्रम तथा पाठ्यपुस्तकको छनौट गरी स्वीकृति प्रदान गर्ने, र

(ग) परिषद्ले तोकेको अन्य कार्य गर्ने, गराउने।

**१२ग. <u>समकक्षता निर्धारण समिति</u>** : (१) स्वदेशी तथा विदेशी शिक्षण संस्थाबाट प्राविधिक तथा व्यावसायिक शिक्षाका डिप्लोमा तथा प्रमाणपत्र सरहको उपाधिको समकक्षता निर्धारण गर्नका लागि देहायको समकक्षता निर्धारण समिति रहनेछ :-

(क) उपाध्यक्ष, परिषद् - संयोजक

(ख) सदस्य-सचिव, परिषद् - सदस्य

(ग) सहसचिव (प्राविधिक शिक्षा हेर्ने), शिक्षा तथा खेलकुद मन्त्रालय - सदस्य

(घ) सहसचिव (समकक्षता हेर्ने), लोक सेवा आयोग - सदस्य

(ङ) महानिर्देशक, पाठ्यक्रम विकास केन्द्र, शिक्षा तथा खेलकुद मन्त्रालय - सदस्य

(च) प्रमुख, समकक्षता हेर्ने, विश्वविद्यालय अनुदान आयोग - सदस्य

(ज) व्यावसायिक परिषद्का अध्यक्षहरू मध्येबाट संयोजकले मनोनयन गरेका दुई जना - सदस्य

(झ) निर्देशक, पाठ्यक्रम तथा समकक्षता महाशाखा, परिषद् - सदस्य-सचिव

(२) उपनियम (१) को खण्ड (छ) बमोजिम मनोनित सदस्यको पदावधि दुई वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजलाई पुनः एक पटक मनोनयन गर्न सकिनेछ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (१) को खण्ड (छ) बमोजिम मनोनीत सदस्यको कार्य सम्पादन सन्तोषजनक नदेखिएमा उपनियम (१) बमोजिमको समितिको संयोजकले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाइ पेस गर्ने मनासिब मौकाबाट वञ्चित गरिने छैन।

(४) उपनियम (१) बमोजिमको समितिले आवश्यक देखेमा सम्बन्धित विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

तर त्यस्तो विषय विज्ञलाई मत दिने अधिकार हुनेछैन।

(५) उपनियम (१) बमोजिमको समितिको बैठक सो समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(६) उपनियम (१) बमोजिमको समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

१२घ. **समकक्षता निर्धारण समितिको काम, कर्तव्य र अधिकार** : समकक्षता निर्धारण समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) स्वदेशी तथा विदेशी विश्वविद्यालय, बोर्ड तथा शैक्षिक संस्थाद्वारा प्रदान गरिएको डिप्लोमा तथा प्रमाणपत्र तह र प्रि-डिप्लोमा तहको प्राविधिक तथा व्यावसायिक शिक्षाको प्राज्ञिक तहको शैक्षिक प्रमाणपत्रको समकक्षता निर्धारण गरी समकक्षताको प्रमाणपत्र प्रदान गर्ने,

(ख) प्राविधिक तथा व्यावसायिक विधाका डिप्लोमा तथा प्रमाणपत्र तह र प्रि-डिप्लोमा तहको समकक्षता निर्धारणको लागि प्रचलित कानूनबमोजिम गर्नुपर्ने अन्य कार्य गर्ने।

## परिच्छेद–४

## औद्योगिक प्रशिक्षार्थी तालीम

१३. **औद्योगिक प्रशिक्षार्थी तालीम समितिको गठनः** (१) सरकारी तथा गैर सरकारी औद्योगिक प्रतिष्ठानद्वारा सञ्चालन हुने आधारभूत एवं ™व्यावसायिक योग्यता तथा सीप अभिवृद्धि तालीम कार्यक्रमहरुको लागि आवश्यक पाठ्यक्रम तयार गर्न, त्यस्ता तालीम कार्यक्रमहरुको स्तरीकरण गर्न र समन्वय कायम गर्न परिषद्ले देहायका अध्यक्ष तथा सदस्यहरु भएको एक औद्योगिक प्रशिक्षार्थी तालीम समिति गठन गर्नेछः–

| | | |
|---|---|---|
| (क) | उपाध्यक्ष | –अध्यक्ष |
| (ख) | सदस्य - सचिव | –सदस्य |

™ छैठौं संशोधनद्वारा संशोधित।

÷(ग) सहसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय –सदस्य

(घ) प्रतिनिधि, ™श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग –सदस्य

(ङ) प्रतिनिधि, उद्योग विभाग –सदस्य

(च) प्रतिनिधि, इन्जिनियरिङ्ग अध्ययन संस्थान –सदस्य

(छ) मजदूरहरुमध्ये अध्यक्षबाट मनोनीत एक जना –सदस्य

(ज) कारखाना तथा औद्योगिक प्रतिष्ठानका प्रतिनिधिहरुमध्ये अध्यक्षबाट मनोनीत दुई जना –सदस्य

(झ) औद्योगिक तथा श्रम सम्बन्धी विशेषज्ञहरुमध्ये अध्यक्षबाट मनोनीत एकजना –सदस्य

(ञ) निर्देशक, प्राविधिक महाशाखा, परिषद् –सदस्य–सचिव

(२) परिषद्को सिफारिसमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तालीम समितिको सदस्यहरुमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ।

(३) उपनियम (१) को खण्ड (छ), (ज) र (झ) बमोजिम मनोनीत सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ।

(४) तालीम समितिले आवश्यक देखेमा कुनै स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकारलाई तालीम समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

१४. **तालीम समितिको बैठक सम्बन्धी कार्यविधिः** (१) तालीम समितिको बैठक आवश्यकतानुसार बस्नेछ।

(२) तालीम समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा तालीम समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(३) तालीम समितिको बैठकको अध्यक्षता तालीम समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

---

÷ पाँचौ संशोधनद्वारा संशोधित।

™ छैठौं संशोधनद्वारा संशोधित।

(४) तालीम समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ।

™(५) तालीम समितिको बैठकको निर्णय छुट्टै पुस्तिकामा अभिलेख गरिनेछ र त्यस्तो निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्ति र उपस्थित सदस्यले दस्तखत गरी प्रमाणित गर्नु पर्नेछ।

(६) तालीम समितिको बैठक सम्बन्धी अन्य कार्यविधि तालीम समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**१५ तालीम समितिको अन्य काम, कर्तव्य र अधिकार:** यस परिच्छेदमा लेखिएदेखि वाहेक तालीम समितिको अन्य काम, कर्तव्य र अधिकार परिषद्ले तोके बमोजिम हुनेछ।

**१६. तालीम सम्बन्धी अन्य व्यवस्था:** तालीम सञ्चालन हुनु भन्दा अघि तालीममा भाग लिने प्रशिक्षार्थीले पूरा गर्नु पर्ने प्रक्रिया, प्रशिक्षार्थीलाई तालीम दिने व्यवस्थापकको दायित्व, प्रशिक्षार्थीलाई दिइने प्रमाणपत्रको ढाँचा र तत्सम्बन्धी अन्य व्यवस्था परिषद्ले तोके बमोजिम हुनेछ।

**♣१६क. एप्रेन्टिससिप ढाँचामा तालीम सञ्चालन सम्बन्धी व्यवस्था :** (१) परिषद्ले प्रचलित कानूनबमोजिम स्थापित कुनै उद्योग वा सेवा क्षेत्र सञ्चालन गर्ने निकायसँग दक्षतामा आधारित एप्रेन्टिससिप ढाँचामा तालीम सञ्चालनको लागि आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

(२) एप्रेन्टिससिप ढाँचामा तालीम सञ्चालन गर्ने उद्योग वा सेवा क्षेत्रको निर्धारण सम्बन्धी मापदण्ड र अन्य व्यवस्था परिषद्ले निर्धारण गरेबमोजिम हुनेछ।

## परिच्छेद–५

## प्राविधिक तथा व्यावसायिक तालीम

**१७. संस्था सञ्चालन गर्न स्वीकृति लिनु पर्ने:** परिषद्संग सम्बन्धन राखी निजी क्षेत्रमा संस्था सञ्चालन गर्न चाहने व्यक्तिले स्वीकृतिको लागि नियम २० बमोजिमको प्रकृया पूरा गरी परिषद्ले तोकेको ढाँचामा परिषद्ले तोके बमोजिमको दस्तुर संलग्न गरी परिषद्को कार्यालयमा निवेदन दिनु पर्नेछ।

™ छैठौं संशोधनद्वारा संशोधित।

♣ छैठौं संशोधनद्वारा थप।

१८. **अस्थायी स्वीकृति दिने**: नियम १७ बमोजिम परेको निवेदन र सो साथ संलग्न अन्य कागजात जाँचबुझ गर्दा निवेदकलाई संस्था सञ्चालन गर्ने स्वीकृति दिन उपयुक्त देखिएमा परिषद्ले परीक्षणको निमित्त दुई वर्षको लागि अस्थायी स्वीकृति दिनेछ।

१९. **स्थायी स्वीकृति दिन सक्ने:** नियम १८ बमोजिम अस्थायी स्वीकृति प्राप्त गरेका संस्थाले दुई वर्षभित्र परिषद्ले तोके बमोजिमका सम्पूर्ण शर्तहरु पूरा गरेको देखिएमा परिषद्ले यस्ता संस्थालाई स्थायी स्वीकृति दिन सक्नेछ।

∉२०. **धरौटी सम्बन्धी व्यवस्था:** (१) नियम १७ बमोजिम संस्था सञ्चालन गर्न स्वीकृति लिन चाहने व्यक्तिले देहाय बमोजिमको रकम परिषद् समक्ष धरौटी राख्नु पर्नेछः–

(क) जुनियर टेक्निसियन वा पोलिटेक्निक सम्बन्धी तालीम सञ्चालन गर्नको लागि क्रमशः पाँच लाख र दश लाख रुपैयाँ,

(ख) खण्ड (क) मा लेखिए देखि बाहेक अन्य प्राविधिक तथा व्यावसायिक सम्बन्धी तालीम सञ्चालन गर्नको लागि पच्चीस हजार रुपैयाँ।

(२) उपनियम (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि एउटै संस्थाले एक भन्दा बढी तालीम सञ्चालन गर्न चाहेमा प्रति थप तालीम बापत सो खण्डमा उल्लिखित रकमको आधा रकम धरौटी राख्नु पर्नेछ।

(३) यो नियम प्रारम्भ हुनु भन्दा अघि तालीम सञ्चालन गर्न स्वीकृति पाइसकेका संस्थाले यो नियम प्रारम्भ भएको मितिले एक वर्षभित्र उपनियम (१) बमोजिम नपुग हुने धरौटी रकम परिषद्मा जम्मा गर्नु पर्नेछ।

ൻ(४) उपनियम (३) बमोजिमको अवधिभित्र धरौटी रकम जम्मा नगर्ने संस्थाले उपनियम (१) बमोजिम नपुग हुने धरौटी रकम र विलम्ब गरे वापत सोको दश प्रतिशतले हुन आउने रकम समेत सम्वत् २०७२ श्रावण १५ गतेभित्र परिषद्मा जम्मा गर्नु पर्नेछ।

२१. **स्वीकृति रद्द गर्न निवेदन दिनु पर्ने:** (१) संस्था सञ्चालन गर्न नचाहेमा वा त्यस्तो संस्था सञ्चालन गर्न नसकेमा कारण देखाई आफूले पाएको स्वीकृति रद्द गर्नको लागि परिषद्को कार्यालयमा निवेदन दिन सकिनेछ।

---

∉ दोस्रो संशोधनद्वारा संशोधित।

ൻ चौथो संशोधनद्वारा संशोधित।

(२) उपनियम (१) बमोजिमको निवेदन प्राप्त भएमा परिषद्ले आवश्यकतानुसार सो संस्थाको निरीक्षण समेत गराई निवेदकको माग बमोजिम निजले पाएको स्वीकृति रद्द गर्न सक्नेछ।

(३) उपनियम (२) बमोजिम निवेदकले पाएको स्वीकृति रद्द हुने भएमा त्यस्तो संस्थाले आफू कहाँ भर्ना भएको प्रशिक्षार्थीको तालीम सोही वा अन्य संस्थाबाट समेत पूरा गराउनु पर्नेछ।

२२. **परिषद्ले स्वीकृति स्थगन वा रद्द गर्न सक्ने:** (१) नियम १८ वा १० बमोजिम स्वीकृति प्राप्त गरेको कुनै संस्थाले ऐन वा यस नियमावली विपरीत कुनै काम गरे गराएमा वा परिषद्को निर्देशनको पालना नगरेमा परिषद्ले त्यस्तो संस्थाबाट सञ्चालित कुनै तालीमलाई सो संस्थाले केही समयको लागि सञ्चालन गर्न नपाउने गरी स्थगन गर्न वा अवधि तोकी त्यस्तो संस्थालाई नै स्थगन गर्न वा त्यस्तो संस्थाले पाएको स्वीकृति रद्द गर्न सक्नेछ।

ᵞ(१क) कुनै संस्थाले नियम २० को उपनियम (४) बमोजिमको अवधिभित्र पनि सो उपनियममा उल्लेख भए बमोजिमको रकम परिषद्मा जम्मा नगरेमा परिषद्ले सो अवधि समाप्त भएको मितिले तीस दिनभित्र त्यस्तो संस्थाको स्वीकृति रद्द गरी संस्थाको स्वीकृति रद्द भएको सूचना सार्वजनिक गर्नु पर्नेछ।

(२) ∉उपनियम (१) र (१क) बमोजिम कुनै संस्थाले तालीम सञ्चालन गर्न नपाउने भएमा सो तालीमको लागि वा संस्थाको स्वीकृति नै रद्द भएमा सो संस्थाले कुनै पनि तालीम दिनको लागि नयाँ प्रशिक्षार्थी भर्ना गर्न पाउने छैन।

तर भर्ना भइसकेको प्रतिक्षार्थीहरुको तालीम पूरा नभएको भए त्यस्तो बाँकी तालीम सोही संस्थाबाट वा आफ्नो खर्चमा अन्य संस्थाबाट पूरा गर्नु गराउनु पर्नेछ।

(३) नियम २१ बमोजिम स्वीकृति रद्द भएमा वा ∉उपनियम (१) र (१क) बमोजिम स्वीकृति स्थगन वा रद्द भएमा संस्थाले आफू कहाँ भर्ना भएका प्रशिक्षार्थीहरुको बाँकी तालीम पूरा नगराएमा त्यस्तो संस्थाले परिषद्मा राखेको धरौटी रकम फिर्ता पाउने छैन र त्यस्तो संस्थाको स्वीकृति स्थगनसम्म भएको भए रद्द समेत हुनेछ।

(४) यस नियम बमोजिम संस्थाको स्वीकृति स्थगन वा रद्द गर्नु अघि परिषद्ले त्यस्तो संस्थालाई सफाई पेश गर्न उचित मौका दिनेछ।

---

∉ दोस्रो संशोधनद्वारा संशोधित।

२३. **बाँकी तालीम परिषद्ले पूरा गराई दिन सक्ने:** नियम २१ वा २२ बमोजिम स्वीकृति स्थगन वा रद्द भएका संस्थामा भर्ना भएका कुनै प्रशिक्षार्थीको त्यस्तो संस्थाको स्वीकृति स्थगन वा रद्द हुँदा कुनै तालीम पूरा भएको रहेनछ र सो तालीम त्यस्तो संस्थाले पूरा गरी नदिएमा त्यस्ता प्रशिक्षार्थीको बाँकी रहेको तालीम सो संस्थाले परिषद्मा राखेको धरौटी रकमले पुगेसम्म परिषद्ले अन्य संस्थाबाट समेत पूरा गराई दिने व्यवस्था गर्न सक्नेछ।

२४. **भौतिक सुविधा, पाठ्यक्रम तथा प्रशिक्षक सम्बन्धी व्यवस्था**: संस्थाले कुनै तालीम सञ्चालन गर्नको लागि देहायको व्यवस्था गर्नु पर्नेछः–

(क) अध्ययन, अध्यापन, फिल्ड अम्भास, शारीरिक विकास, पुस्तकालय आदिको लागि परिषद्ले तोके बमोजिमको भौतिक सुविधा।

(ख) परिषद्ले तोकिदिएको पाठ्यक्रमको आधारमा तालीम वा कार्यक्रमको सञ्चालन।

(ग) परिषद्ले तोकेको योग्यता र सङ्ख्याको आधारमा प्रशिक्षक वा प्रशिक्षार्थीको व्यवस्था।

*२४क. **स्तर निर्धारण तथा प्रत्यायन समिति** : (१) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम प्रदायक शिक्षालय तथा सञ्चालित कार्यक्रमको स्तर निर्धारण तथा प्रत्यायन सम्बन्धी कार्यको लागि परिषद्मा देहायको स्तर निर्धारण तथा प्रत्यायन समिति रहनेछ :-

(क) सदस्य-सचिव, परिषद् - संयोजक

(ख) सहसचिव (प्राविधिक शिक्षा हेर्ने), शिक्षा तथा खेलकुद मन्त्रालय - सदस्य

(ग) निर्देशक, प्राविधिक महाशाखा, परिषद् - सदस्य

(घ) अध्यक्ष, शिक्षा, सीप विकास र रोजगार समिति, नेपाल उद्योग वाणिज्य महासङ्घ - सदस्य

(ङ) अध्यक्ष, सम्बन्धित विधागत सीप उपसमिति - सदस्य

(च) रजिष्ट्रार, स्तर निर्धारण हुने कार्यक्रमसँग सम्बन्धित व्यावसायिक परिषद् - सदस्य

(छ) प्रतिनिधि, गुणस्तर सुनिश्चितता तथा प्रत्यायन सचिवालय,

---

* छैठौं संशोधनद्वारा थप।

विश्वविद्यालय अनुदान आयोग - सदस्य

(ज) स्तर निर्धारण सम्बन्धी विज्ञमध्येबाट स्तर निर्धारण तथा प्रत्यायन समितिले मनोनयन गरेको एक जना - सदस्य

(झ) निर्देशक, स्तर निर्धारण तथा सम्बन्धन विषय हेर्ने महाशाखा, परिषद् - सदस्य-सचिव

(२) उपनियम (१) बमोजिमको समितिको काम र कर्तव्य देहायबमोजिम हुनेछ :-

(क) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम प्रदायक शिक्षालय तथा सञ्चालित कार्यक्रमको स्तर निर्धारण तथा प्रत्यायनका लागि आवश्यक संरचना, ढाँचा, मूल्याङ्कनका मापदण्ड, मूल्याङ्कन सूचक, प्रक्रिया र आवश्यक फाराम तथा अन्य कागजातको ढाँचा निर्धारण गर्ने,

(ख) स्तर निर्धारण तथा प्रत्यायन सम्बन्धमा वार्षिक नीति, कार्ययोजना तथा कार्यक्रम स्वीकृतिको लागि परिषद् समक्ष सिफारिस गर्ने,

(ग) स्तर निर्धारण तथा प्रत्यायन सम्बन्धमा परिषद्बाट स्वीकृत वार्षिक नीति, कार्ययोजना तथा कार्यक्रमको कार्यान्वयन गर्ने,

(घ) स्तर निर्धारण तथा प्रत्यायन सम्बन्धमा परिषद्बाट भएका निर्णय कार्यान्वयन गर्ने,

(ङ) शिक्षालयको स्तर निर्धारण गरी प्रत्यायन प्रमाणपत्र प्रदान गर्न सिफारिस गर्ने,

(च) शिक्षालयको स्तर निर्धारण तथा प्रत्यायनका लागि आवश्यकता अनुसार कार्यटोली गठन गरी काम, कर्तव्य र अधिकार तोक्ने,

(छ) स्तर निर्धारण तथा प्रत्यायन भएका शिक्षालयलाई स्थायी सम्बन्धनका लागि परिषद् समक्ष सिफारिस गर्ने,

(ज) स्तर निर्धारण भएका तथा प्रत्यायनकृत शिक्षालयलाई अनुदान उपलब्ध गराउन परिषद् समक्ष सिफारिस गर्ने,

(झ) स्तर निर्धारण तथा प्रत्यायन सम्बन्धी अन्य काम गर्ने गराउने,

(ञ) परिषद्ले तोकेका अन्य कार्य गर्ने।

नेपाल कानून आयोग

२५. **अन्तिम परीक्षा परिषद्ले सञ्चालन गर्ने:** (१) संस्थाद्वारा सञ्चालित तालीमको अन्तिम परीक्षा परिषद्ले सञ्चालन गर्न, गराउन सक्नेछ।

(२) उपनियम (१) बमोजिमको परीक्षा सञ्चालन गर्दा लाग्ने सम्पूर्ण खर्च सम्बन्धित संस्थाले व्यहोर्नु पर्नेछ।

*२५क. **परीक्षा समितिको गठन** : (१) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमका विभिन्न क्षेत्रका सङ्काय तथा कार्यक्रममा स्वीकृत पाठ्यक्रम बमोजिम सञ्चालन हुने विभिन्न तहका प्रशिक्षार्थी छनौट, भर्ना, रजिष्ट्रेशन, परीक्षा, मूल्याङ्कन र उपाधि प्रदान गर्नका लागि देहाय बमोजिमको एक परीक्षा समिति रहनेछ :-

(क) उपाध्यक्ष, परिषद् - संयोजक

(ख) सदस्य-सचिव, परिषद् - सदस्य

(ग) महानिर्देशक, शिक्षा तथा मानव स्रोत विकास केन्द्र - सदस्य

(घ) परीक्षा नियन्त्रक, त्रिभुवन विश्वविद्यालय - सदस्य

(ङ) सदस्य-सचिव, राष्ट्रिय परीक्षा बोर्ड - सदस्य

(च) परीक्षा सञ्चालन सम्बन्धमा विशेष दखल भएका व्यक्तिमध्येबाट संयोजकबाट मनोनीत कम्तीमा एक जना महिला सहित दुई जना - सदस्य

(छ) निर्देशक, पाठ्यक्रम विकास तथा समकक्षता महाशाखा, परिषद् - सदस्य

(ज) परीक्षा नियन्त्रक, परीक्षा नियन्त्रण कार्यालय, परिषद् - सदस्य-सचिव

(२) उपनियम (१) को खण्ड (च) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजलाई लागि पुनः एक पटक मनोनयन गर्न सकिनेछ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (१) को खण्ड (च) बमोजिम मनोनीत सदस्यको कार्य सम्पादन सन्तोषजनक नदेखिएमा उपनियम (१) बमोजिमको समितिको संयोजकले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाइ पेस गर्ने मनासिब मौकाबाट वञ्चित गरिने छैन।

---

* छैठौं संशोधनद्वारा थप।

(४) उपनियम (१) बमोजिमको समितिले आवश्यक देखेमा परीक्षा सम्बन्धी कुनै विशेषज्ञलाई परीक्षा समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

तर त्यस्तो विशेषज्ञलाई मत दिने अधिकार हुनेछैन।

(५) उपनियम (१) बमोजिमको समितिले आफूमा निहित अधिकारमध्ये केही अधिकार उपसमिति, कार्यटोली, परीक्षा नियन्त्रक, परिषद् प्रदेश कार्यालय, शिक्षालय वा कुनै अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

(६) उपनियम (१) बमोजिमको समितिको सचिवालय परीक्षा नियन्त्रण कार्यालयमा रहनेछ।

♣२५ख. **<u>परीक्षा समितिको काम, कर्तव्य र अधिकार</u>** : (१) परीक्षा समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) पाठ्यक्रमले तोकेबमोजिम मोडुलर सहितका प्रि-डिप्लोमा तह, डिप्लोमा तह, एड्भान्स डिप्लोमा तहका प्रशिक्षार्थी छनौट, भर्ना, रजिष्ट्रेशन, परीक्षा सञ्चालन, व्यवस्थापन तथा नतिजा प्रकाशन र प्रमाणपत्र वितरण सम्बन्धी काम गर्ने,

(ख) परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य परिषद्को प्रदेश कार्यालय वा शिक्षालयमा गर्ने गराउने गरी आवश्यक व्यवस्था गर्ने, र

(ग) परीक्षा व्यवस्थापन, परीक्षण, मूल्याङ्कन, नतिजा प्रकाशन र उपाधि तथा प्रमाणपत्र प्रदान गर्ने सम्बन्धी अन्य प्रक्रियागत तथा प्राविधिक विषयमा आवश्यक निर्णय गर्ने।

२६. **<u>सञ्चालक समितिमा प्रतिनिधि राख्नु पर्ने:</u>** संस्थाले सञ्चालक समितिको गठन गर्दा परिषद्ले तोकेको एक जना प्रतिनिधि राख्नु पर्नेछ।

२७. **<u>लेखापरीक्षण र प्रगति विवरण प्रतिवेदन परिषद्मा पठाउनु पर्ने</u>**: (१) संस्थाले वर्षभरिको आफ्नो आम्दानी र खर्च स्वीकृत लेखा परीक्षकबाट लेखापरीक्षण गराई सोको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र परिषद्मा पठाउनु पर्नेछ।

(२) संस्थाले आफ्नो वार्षिक कार्यक्रमको त्रैमासिक प्रगति विवरण परिषद्मा पठाउनु पर्नेछ।

---

♣ छैठौं संशोधनद्वारा थप।

२८. **निरीक्षण गर्न सक्ने:** (१) परिषद्ले संस्थाको कुनै काम कारबाहीको सम्बन्धमा आवश्यक निरीक्षण गर्न, गराउन सक्नेछ।

(२) उपनियम (१) बमोजिम परिषद्बाट निरीक्षण गर्न आउने व्यक्तिलाई आवश्यक सहयोग गर्नु संस्थाको कर्तव्य हुनेछ।

(३) उपनियम (१) बमोजिम निरीक्षणको सिलसिलामा परिषद्बाट खटिई आएको व्यक्तिले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिइएको निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ।

२९. **परिषद् जवाफदेही नहुने**: संस्थाले आफ्नो काम कारबाहीको सिलसिलामा गरेको कुनै आर्थिक तथा प्रशासनिक कारोवारका सम्बन्धमा परिषद् जवाफदेही हुने छैन।

## परिच्छेद–६
## विविध

३०. **प्राविधिक शिक्षालयको स्थापना र सञ्चालन:** प्राविधिक शिक्षालयको स्थापना र सो शिक्षालयमा सञ्चालन हुने प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको लागि चाहिने पाठ्यक्रम, पाठ्यपुस्तक, शैक्षिक सामग्री, भौतिक सुविधा तथा प्रशिक्षक सम्बन्धी व्यवस्था विनियममा उल्लेख भए बमोजिम हुनेछ।

३१. [&].....

३२. **कर्मचारीको सेवा, शर्त तथा सुविधा:** परिषद्का कर्मचारीको सेवा, शर्त तथा सुविधा सम्बन्धी व्यवस्था विनियममा उल्लेख भए बमोजिम हुनेछ।

३३. **खारेजी र बचाउ**: (१) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् नियमावली, २०४६ खारेज गरिएकोछ।

(२) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् नियमावली, २०४६ बमोजिम भए गरेका काम कारवाहीहरु यसै नियमावली बमोजिम भएको गरेको मानिनेछ।

---

& पाँचौ संशोधनद्वारा खारेज।

**द्रष्टव्य:-** (१) केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरु:-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार"।

(२) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (छैठौं संशोधन) नियमावली, २०८३ द्वारा रुपान्तर भएको शब्दहरु :
"परीक्षण समिति" को सट्टा "राष्ट्रिय व्यावसायिक योग्यता र सीप परीक्षण समिति"।

## ϑअनुसूची

## (नियम ३क. को उपनियम (३) सँग सम्बन्धित)

## सदस्य–सचिव तोक्ने सम्बन्धमा सिफारिस गर्दा लिइने आधारहरु

१. शैक्षिक योग्यता र तालीम वापत २५ अङ्क

(क) शैक्षिक योग्यता वापत १९ अङ्क

| क्र.स. | तह | श्रेणी | | |
|---|---|---|---|---|
| | | प्रथम | द्वितीय | तृतीय |
| १ | स्नातक | ८ | ७ | ६ |
| २ | स्नातककोत्तर | ६ | ५ | ४ |
| ३ | अतिरिक्त शैक्षिक योग्यता | पिएच.डी – ५ | | |

(ख) तालीम वापत ६ अङ्क

प्रथम श्रेणी: ६ अङ्क

द्वितीय श्रेणी: ५ अङ्क

तृतीय श्रेणी: ४ अङ्क

२. अनुभव वापत २० अङ्क

परिषद्को अधिकृत प्रथम श्रेणीको पदमा काम गरे वापत प्रत्येक वर्षको लागि २.५ अङ्कको दरले बढीमा २० अङ्क दिइनेछ।

३. परिषद्को व्यावसायिक कार्ययोजना वापत २० अङ्क

| क्र.स. | विषयवस्तु | अङ्कभार |
|---|---|---|
| १. | विद्यमान अवस्था | २ |
| २. | विद्यमान अवस्थामा रहनुको कारण र त्यसको विश्लेषण | २ |
| ३. | विद्यमान अवस्थामा देखिएका समस्या, कमी कमजोरी, अवसर र चुनौतीहरुको गहन विश्लेषण (SWOT Analysis) | ३ |
| ४. | रणनैतिक सुधार गर्नु पर्ने क्षेत्रहरुको पहिचान | ३ |

ϑ दोस्रो संशोधनद्वारा थप।

| | | |
|---|---|---|
| ५. | सुधार कार्ययोजना | १० |
| | (क) गुणस्तरीय सेवा एवं सेवाको प्रभावकारिता | |
| | (ख) सम्पत्ति आर्जन एवं उपयोग | |
| | (ग) परिषद्को नियमन कार्य | |
| | (घ) आङ्गिक संस्थाहरुको सुदृढीकरण | |
| | (ङ) प्राविधिक शिक्षा एवं व्यावसायिक तालीमको विकास र विस्तार | |
| | (च) परिषद् तथा सम्बद्ध संस्थाहरुको पारदर्शिता एवं जवाफदेहिता | |
| | (छ) सुधारका अन्य विषयहरु | |

४. कार्ययोजना प्रस्तुतीकरण र अन्तर्वार्ता वापत ३५ अङ्क

| क्र.स. | विषयवस्तु | अङ्कभार |
|---|---|---|
| १. | प्रस्तुति | ३ |
| २. | विषयवस्तुको ज्ञान (कार्ययोजना र प्रस्तुतिको सामान्जस्यता) | ६ |
| ३. | संस्थागत सुधारका कार्यहरुमा स्पष्टता र विश्लेषण क्षमता | १३ |
| ४. | प्रस्तुतिको शैली, भाषा, आत्मविश्वास र व्यक्तित्व | ७ |
| ५. | अभिव्यक्तिको स्तर, तार्किक क्षमता र वस्तुनिष्ठता | ६ |
| | जम्मा | ३५ |

**द्रष्टव्यः**

(१) परिषद्को सेवासँग सम्बन्धित विषयको शैक्षिक योग्यतालाई मात्र अङ्क दिइनेछ।

(२) शैक्षिक योग्यताको श्रेणी नखुलेको भए द्वितीय श्रेणीको अङ्क दिइनेछ।

(३) अतिरिक्त शैक्षिक योग्यता वापत माथिल्लो कुनै एक शैक्षिक योग्यताको मात्र अङ्क दिइनेछ।

(४) परिषद्को सेवासँग सम्बन्धित विषयमा लिएको कम्तीमा तीस कार्य दिनको तालीम वापत मात्र अङ्क दिइनेछ।

(५) तालीमको श्रेणी नखुलेको भए द्वितीय श्रेणीको अङ्क दिइनेछ।



नेपाल कानून आयोग